"खानेपानी, सडक, विद्युत, कृषि, पर्यटन, संचार, खेलकुद स्वास्थ्य, शान्तिसुरक्षा र शिक्षाः
पौवादुङ्मावासीलाई उपलब्ध गराउने गाउँपालिकाको ईच्छा"

# पौवादुङ्मा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

ब्याङ्ग्रे भोजपुर
१ नं. प्रदेश, नेपाल

पत्र सङ्ख्या (Let.No) : ०७६/७७/ प्रशासन
चलानी नं. ( Ref.No) : 9209

मिति (Date) २०७७/०३/१८

विषय : सम्झौताको म्याद थप सम्वन्धमा ।

श्री भौतिक योजना तथा पूर्वाधार विकास मन्त्रालय
१ नं. प्रदेश विराटनगर , मोरङ्ग ।

प्रस्तुत सन्दर्भमा यस गाउँपालिकाको गौरबको आयोजना तिवारीभन्ज्याङ्ग-मानेडाँडा-अँधेरीघाट ( पञ्चकन्या कृषि सडक) मोटर बाटो स्तरोन्नतीका लागि चालू आ. व. भित्रै सम्पन्न गर्ने गरी प्रदेश सरकारको कोषबाट समपूरक अनुदान रु १,००,००,०००।- (एक करोड रुपैयाँ मात्र) र सशर्त अनुदान रु. ७०,००,०००।- (सत्तरी लाख रुपैयाँ मात्र) को अख्तियारी प्राप्त भै यस गा. पा. बाट रकम व्यहोर्ने गरी जम्मा २ करोड ८० आख बराबरको ठेक्का लगाईएकोमा श्री गाल्वा/माइला ब्रो जे. भी. काठमाण्डौले पहिलो चरणको ठेक्का २ करोड ८ लाख ४२ हजार ५५१ रुपैयाँ पैसा २२ मा पारी हाल काम गरिरहेको र घटी कबोल अंक मध्ये रु. ४०,००,०००।- ( चालिस लाख रुपैयाँ ) बराबरको उक्त सडक मै पर्ने तिवारीभन्जयाङ्ग भोड सुधार कार्यक्रम स्थानीय उपभोक्ता समिति मार्फत हाल काम भईरहेको जानकारी गराउद छु । तत् सम्वन्धमा Covid – 19 रोगको कारणले समयमै ठेक्का आह्वान भएकोमा सम्झौता र कार्यादेश दिन नसकिई टेण्डरको म्याद थपि मिति २०७७/०२/२५ गतेका दिन २०७७/०३/२५ भित्र छोटो अवधीमा सक्ने गरी श्री गाल्वा/माइला ब्रो जे. भी. सँग सम्झौता गरेकोमा कम्तीमा अत्र थप २ महिना भए सबै काम सकिने भनी म्याद थप्नका लागि अनुरोध गरेको उपर तहाँ मन्त्रालय समेतबाट उक्त सशर्त र समपूरक अनुदानको रकम आगामी आ. व. मा समेत उक्त आयोजना मै खर्च हुने गरी हाललाई खर्च गर्न नसकिएको रमम फिर्ता नगराई ठेक्काको म्याद थपको आदेश हुनका लागि मिति २०७७/०३/१७ को गाउँ कार्यपालिकाको निर्णय प्रतिलिपी समेत साथै राखी अनुरोध गर्दछु ।

........................................
रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :-
श्री सूचना तथा प्रविधि शाखा : Website मा upload गरिदिन हुन ।

पौवादुङ्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याङ्ग्रे, भोजपुर
१ नं. प्रदेश, नेपाल

निर्णय प्रतिलिपी दफा उत्तार

निर्णय नं. ५

प्रदेश सरकारसँग भएको सम्झौता बमोजिम यस चालू आ. व. २०७६/०७७ मा सशर्त र समपूरक अनुदानबाट सञ्चालित आयोजनाहरुको म्याद थपका लागि प्रदेश सरकार समक्ष अनुरोध गरी पठाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत